**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था विश्लेषण**

**०७७ वैशाख ३ गते**

प्रदेश १ मा वैशाख ३ गतेसम्म ५० जना महिला र २ सय ३४ जना पुरूषसहित २ सय ८४ जनाको स्वाब परीक्षण गरिएको छ । स्वाब परीक्षण गरिएकामध्ये ४२ जना महिला र २ सय २४ पुरूष गरी २ सय ६६ जनाको रिपोर्ट नेगेटिभ आएको छ । १८ जनाको रिपोर्ट आउन बाँकी छ । वैशाख ३ गतेसम्म प्रदेश १ मा ६२ जना महिला र ५ सय ३ पुरूषसहित ६ सय ६५ जना लाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा बसेका एक जना महिला र २४ जना पुरूष गरी २५ जनालाई डिस्चार्ज गरिएको छ । होम क्वारेन्टाइनमा ३ हजार ७ सय १९ जना बसेका छन् । प्रदेशभरी ६ सय २७ जना महिला र ३ हजार ९२ जना पुरूष होम क्वारेन्टाइनमा बसेको प्रदेश १, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख ३ गतेसम्म ७६ जना महिला र ४ सय ७९ पुरूष गरी ५ सय ५५ जनाको र्‍यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । ५ सय ५५ जनाकै रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश १ मा वैशाख ३ गतेसम्म ६ सय ७६ थान व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) वितरण गरिएको छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार ०७७ वैशाख ३ गतेसम्म मोरङमा १ सय ६२ जना पुरूष र १४ जना महिला गरी १ सय ७६ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । मोरङमा वैशाख ३ गतेसम्म आईसोलेशनमा १६ जना भर्ना भएका छन् । कोशी अस्पतालमा १३ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा ९६ वटा आईसोलेशन वेड तयार गरिएको छ । कोशी अस्पतालमा दश, पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा १८, प्राथमिक स्वास्थ्य केन्द्र ग्रामथानमा आठ, पथरी अस्पतालमा आठ र कोभिड १९ उपचार केन्द्रमा ५० ओटा आईसोलेशन वेड तयार गरिएको छ । आईसोलेशनमा भर्ना भएकामध्ये वैशाख ३ गते सम्म ११ पुरूष र चार जना महिला गरी १५ जना डिस्चार्ज भएका छन् । मोरङमा वैशाख ३ गतेसम्म १ हजार १ सय ७१ जना पुरूष र २ सय ४९ जना महिला गरी १ हजार ४ सय २० जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा ६६ जनाको स्वाब परीक्षण गरिएकोमा ६३ जनाको रिपोर्ट नेगेटिभ आएको छ । तीन जनाको आउन बाँकी छ । मोरङमा वैशाख ३ गते ६ जना महिला र ९१ जना पुरूष गरी ९७ जनाको र्‍यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । आरडिटी गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

प्रदेश १ सरकारले सञ्चालन गरेको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रका लागि वैशाख ३ गते तीन वटा गैरसरकारी संस्थाले ६ आईसीयु वेड हस्तान्तरण गरेका छन् । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेलेलाई आईसीयु वेड हस्तान्तरण गरिएको हो । करूणा फाउण्डेसन नेपाल र नेदरल्याण्ड लेप्रोसी रिलिफ (एनएलआर) ले ३ लाख ५९ हजार रुपियाँको तीन ओटा र स्वीस सरकार विकास सहयोग (एसडिसी) ले ३ लाख ५० हजार रुपियाँको तीन ओटा वेड हस्तान्तरण गरेको हो । कोभिड अस्पताललाई वैशाख ३ गते इलेक्ट्रिक तीन वटा र म्यानुअल आईसीयु वेड तीन ओटा उपलब्ध गराएको छ । कोभिड-१९ अस्पताललाई विश्व लुथरन फेडेरेसन (एलडब्लुएफ) ले १० केभिएको अनलाईन युपीएस हस्तान्तरण गरेको छ । ३ लाख ६० हजार रुपियाँको अनलाईन युपीएस हस्तान्तरण गरिएको लुथरनका कार्यक्रम व्यवस्थापक यज्ञ गौतमले जानकारी दिनुभयो । करूणा फाउण्डेसनले सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा स्पाइनल इन्जुरी भएका ३९ जना अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न स्वास्थ्य सामाग्रीहरू वितरण गरिएको जनाएको छ । फाउण्डेसनले सामाजिक विकास मन्त्रालयलाई एक सय थान व्यक्तिगत सुरक्षा उपकरण पनि उपलब्ध गराएको जानकारी दिएको छ ।

खाना पकाउने ग्यास (एलपीजी) को कारोबार गर्दै आएका मोरङका ग्यास बिक्रेताले प्रहरीले अनावश्यक दुःख दिएको गुनासो गरेका छन् । प्रहरीले अनावश्यक दुःख दिए ग्यास बिक्री बन्द गर्ने उनीहरूले चेतावनीसमेत दिएका छन् । लकडाउनको समयमा पनि सामाजिक दूरी कायम राख्दै उपभोक्ता समक्ष ग्यास पुर्याउन खटिएका बिक्रेतालाई गाली गर्दै मोरङका विभिन्न स्थानमा प्रहरीले दुःख दिएको उनीहरूको गुनासो छ । बिक्रेताहरूको बैठकले प्रहरीले दुःख दिने क्रम नरोके ग्यास बिक्री बन्द गर्ने चेतावनी दिएका छन् । प्रहरीले ग्यास व्यवसायीलाई गरेको व्यवहारप्रति ध्यानाकर्षण भएको समेत सङ्घले

जनाएको छ । सङ्घले लकडाउनको बहानामा प्रहरीले व्यवसायीलाई हप्काउने र ग्यास पसल बन्द गर्न निर्देशन दिनुले सहज सेवामा खटिएका व्यवसायीको मनोबल घटेको जनाएको छ ।

लकडाउनको समयमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति र विक्री वितरणमा कृत्रिम अभाव सिर्जना गर्नेसहित अत्यधिक मूल्य लिई कालोबजारी गर्नेलाई कडा कारबाही गर्न उद्योग सङ्गठन मोरङले माग गरेको छ । वैशाख ३ गते विज्ञप्ति जारी गर्दै राष्ट्रिय सङ्कटको बेला कालोबजारी गर्ने र कृत्रिम अभाव सिर्जना गर्ने जोसुकै भए पनि कानुनअनुसार कडा कारबाही गर्न सङ्गठनले माग गरेको हो ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार जिल्लामा वैशाख ३ गतेसम्म ३४ जनालाई क्वारेन्टाइनमा राखिएको छ । पाँच जना महिला  र ८५ जना पुरूषलाई होम क्वारेन्टाइनमा राखिएको छ । जिल्लामा ३२ ओटा आईसोलेशन कक्ष निर्माण गरिएको छ । जिल्लामा क्वारेन्टाइनको क्षमता ३ सय ५९ जना पुगेको छ । ७८ ओटा हेल्थडेक्स स्थापना गरिएको छ ।

साल्पासिलिछो गाउँपालिकामा क्वारेन्टाइनमा बस्दै आएका आठ जना मजदूरहरू वैशाख ३ गते घर फर्किएका छन् । सिंहमालिका माध्यमिक विद्यालयको क्वारेन्टाइनमा बस्दै आएका नौ जना १४ दिन क्वारेन्टाइनमा बसेर घर फर्किएका हुन् । उनीहरूले १४ दिनको समयवधि पुरा भएपछि स्वास्थ्य परीक्षण गर्दा अवस्था सामान्य पाइएपछि घर फर्किएको गाँउपालिकाले जनाएको छ । सङ्खुवासभामा निमार्णाधिन अरूण तेस्रोमा काम गर्दै आएका मजदूरहरू सरकारले दोस्रो पटक लकडाउन लगाएपछि चैत १७ गते भोजपुरतर्फ आएका थिए । रामप्रसादराई गाउँपालिका दलगाउँको स्वास्थ्य चौकीको क्वारेन्टाइनमा बस्दै आएका एक युवा वैशाख ३ गते घर फर्किएका छन् । उनी चैत ५ गते दुवईबाट आएका थिए । जिल्लामा ३४ जना क्वारेन्टाइनमा र ९० जना होम क्वारेन्टाइनमा रहेको जिल्ला प्रशासन कार्यालय भोजपुुरले जनाएको छ ।

जिल्ला कारागारमा रहेका कैदीबन्दीलाई साबुन, मास्क र सेनिटाइजर वितरण गरिएको छ । वैशाख ३ गते नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भोजपुर र  नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला समिति भोजपुरमार्फत जिल्ला प्रशासन कार्यालयले कोरोना सङ्क्रमण न्यूनीकरणका लागि कारागारमा रहेका कैदीबन्दीका लागि सामाग्री उपलब्ध गराएको हो । रेडक्रसबाट २ सय २० थान मास्क, डेढ लिटर सेनिटाइजर र नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमार्फत आएको १ सय १० थान डिटोल साबुन प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले कारागार भोजपुरका प्रमुख खगेन्द्र अधिकारीलाई हस्तान्तरण गर्नु भएको हो । रेडक्रसले पत्रकार महासङ्घ जिल्ला शाखा भोजपुरलाई दश थान सेनिटाइजर उपलब्ध गराएको छ ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार वैशाख ३ गतेसम्म जिल्लामा १ सय ७९ वेड क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । १४ वेडको आइसोलेशन कक्ष बनेको छ ।

भारतसहित तेश्रो मुलकबाट जिल्ला आएका ६१ जनाको र्‍यापीड डाईग्नोस्टिक टेस्ट (आरडीटी) किटबाट वैशाख ३ गतेबाट परीक्षण सुरू भएको छ । ६१ जनाको क्रमिक रूपमा परीक्षण गर्नका लागि स्वास्थ्यकर्मी/प्राविधिक टोली परिचालन गरिएको छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री योगेश भट्टराईको पहलमा प्राप्त राहत सामाग्री वैशाख २ गते नौ ओटै स्थानीय तहलाई वितरण गरिएको छ । जिल्ला समन्वय समिति प्रमुख तथा कोरोना रोकथाम तथा नियन्त्रण समिति संयोजक घनेन्द्र मादेनका अनुसार स्थानीय तहले राहत वितरण निर्देशिका बमोजिम वितरण गर्ने भएको छ । १२ केजी दरका ७ सय प्याकेट चामल,२५ कार्टुन तेल, २० बोरा आयोडिन नुन, ४२ बोरा दाल र १० कार्टुन साबुन प्राप्त भएको छ

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार कोरोना भाइरस आशङ्का गरिएका सात जना महिलासहित ७३ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । वैशाख ३ गते र्‍यापीड डाईनोस्टिक टेस्ट (आरडिटी) किट मार्फत ३० जना र स्वाब परीक्षण मार्फत ४३ जनाको रिपोर्ट नेगेटिभ आएको हो । जिल्ला जनस्वास्थ्य अधिकृत मोहन सुवेदीले स्वाब परीक्षणमार्फत कटारी नगरपालिकमा तीन जना महिलासहित २६ जना, त्रियुगा नगरपालिकामा तीन जना महिलासहित १२ जना, चौदण्डीगढी नगरपालिकामा एक जना महिला र लिम्चुङबुङ गाउँपालिकामा चार जना पुरूषको कोरोना परीक्षण रिपोर्ट

नेगेटिभ आएको बताउनुभयो । सुवेदीका अनुसार आरडिटी किटमार्फत चौदण्डीगढी नगरपालिकामा चार जना महिलासहित दश जना, त्रियुगा नगरपालिकामा १२ जना पुरूष र रौतामाई गाउँपालिकामा आठ जना पुरूषको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख ३ गतेसम्म जिल्लामा पाँच जना महिलासहित ४९ जना क्वारेन्टाइनमा रहेका छन् । कोरोना सङ्क्रमणको जोखिम नियन्त्रणका लागि सरकारले लागु गरेको 'लकडाउन'का कारण जिल्लामा खोप कार्यक्रम प्रभावित भएको छ । खोप कार्यक्रम स्थगित हुँदा जिल्लाका ७ हजार आठ सय बालबालिका खोप लगाउनबाट वञ्चित भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार जिल्लामा वैशाख ३ गतेदेखि कोरोना भाइरसको र्‍यापीड डाइग्नोस्टिक टेष्ट शुरू गरिएको छ । पहिलो दिन जन्तेढुङ्गा गाउँपालिकामा विदेशबाट फर्किएका १९ जनाको कोरोना भाइरसको र्‍यापीड डाइग्नोस्टिक टेष्ट (आरडिटी) रिपोर्ट 'नेगेटिभ' आएको छ । विदेशबाट फर्किएका गाउँपालिकाभित्रका १९ जनामा कोरोना भाइरसको सङ्क्रमण भए/नभएको पुष्टी गर्नका लागि वैशाख ३ गते र्‍यापीड डाइग्नोस्टिक टेष्ट गर्दा १९ जनाकै रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले बताउनुभयो । वैशाख ३ गतेसम्म विदेशबाट फर्किएका १ सय ३६ जनामध्ये चार जना महिला र २२ जना पुरूष गरी २७ जनालाई क्वारेन्टाइनमा राखिएको जिल्ला समन्वय समितिले जनाएको छ । दुई ओटा नगरपालिका र आठ ओटा गाउँपालिका रहेको जिल्लाका सबै स्थानीय तहका २१ स्थानमा जम्मा ३ सय ७५ वेडको क्वारेन्टाइन निर्माण भएको छ । जिल्ला अस्पतालमा तीन वार्डको आईसोलेशन निर्माण गरिएको जिल्ला समन्वय समिति प्रमुख बवी चाम्लिङले बताउनुभयो । जिल्लामा कोरोना सङ्क्रमितको आशङ्कामा विदेशबाट आएका तीन जनाको स्वाब परीक्षण गराएकोमा दुई जनाको रिपोर्ट नेगेटिभ र एक जनाको रिपोर्ट आउन बाँकी छ ।

दिक्तेलरूपाकोट मझुवागढी नगरपालिका-१५ ओटा वडालाई प्रतिवडा एक लाख रुपियाँ विनियोजन गरी दैनिक मजदूरी गर्ने परिवारलाई १० केजी चामल दिने भएको छ । दिप्रुङ चुमईचुम्मा गाउँपालिकाले लकडाउनका कारण मजदूरी गर्न नपाएका परिवारलाई परिवार संख्याका आधारमा प्रति व्यक्ति १० केजीका दरले चामल उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ । जिल्लामा आउँदो नौ महिनासम्म पुग्ने खाद्यान्न रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार भोक्राहा नरसिँह गाँउपालिकामा रहेको खतिजन कुव्रा मस्जिदमा दश जना भारतीयमुलका बङ्गालीहरू आश्रय लिएर बसेको जिल्ला प्रशासन कार्यालय सुनसरीले वैशाख ३ गते जनाएको छ । नेपाल मुस्लिम सङ्घ प्रदेश १, का सभापति हाजी इसराइल मन्सुरीका अनुसार इज्तेमामा सहभागी हुन आएका दश जना जमातीहरू भारतको पश्चिम बङ्गाल राज्यको पश्चिम मधनीपुर कलकता नजिक स्थायी ठेगाना भएका भारतीय नागरिकहरू मस्जिदमा आश्रय लिएर बसि रहेका थिए । मन्सुरीका अनुसार ४२ वर्षीय अब्दुल शेख, ३५ वर्षीया साहीदा बीबी, ४२ वर्षीय सवुल, ४० वर्षीया मुसानेहा, ५५ वर्षीय हजेयामुद्दिन, ५० वर्षीया अलिया बीबी, ५० वर्षीय खुटुवुद्दिन, ४५ वर्षीया साजेदा बीबी, ४० वर्षीय अफाजुल र ३२ वर्षीया अरजुमन बीबी रहेका छन । सभापति मन्सुरीले उनीहरूसँग सोधपुछ गर्दा पति-पत्नी रहेको बताउँदै सप्तरीमा भएको धार्मिकसभा इज्तेमामा सहभागी हुन आएका जमातीहरू सभा सकिएपछि इनरूवाका विभिन्न मस्जिदमा बस्दै आएको जानकारी दिएका छन् । लकडाउन सुरू भएपछि भोक्राहा नरसिँह गाँउपालिका ५ टपरामा रहेको खतिजन कुव्रामा रहेको मस्जिदमा आश्रय लिँदै आएको जानकारी पाएपछि स्वास्थ्यकर्मीको टोलीसहितले आवश्यक स्वास्थ्य परीक्षण गरी सुरक्षित रूपमा क्वारेन्टाइन सरह बस्न लगाई आवश्यक खाद्यान्न दिएर एकजना कुरूवाको जिम्मा लगाइएको मन्सुरीले बताउनुभयो । लकडाउनको अवधिमा सुनसरीका विभिन्न स्थानबाट प्रहरीले ५५ जना विदेशी नागरिकहरू खोजी गर्ने क्रममा फेला पारेको छ । सुनसरीको इटहरी उपमहानरपालिका -१८ स्थित जितपुर मस्जिदबाट आठ जना पाकिस्तानी, हरिनगर -१ भुटाहा मस्जिदबाट १४ जना भारतीय, दुहवी नगरपालिका -१ मा रहेको मस्जिदबाट ११ जना पाकिस्तानी, बर्जु गाउँपालिकामा रहेको मस्जिदबाट १२ जना भारतीय र भोक्राहा नरसिंह गाउँपालिकामा रहेको मस्जिदबाट दश जना भारतीय बङ्गालीहरू हुन् । जिल्ला प्रशासन कार्यालय पर्साले वैशाख २ गते सार्वजनिक गरेको 'ट्राभल हिस्ट्री' हेर्दा सुनसरीको दुहबी नगरपालिका र इनरूवा नगरपालिकाका चार ओटा

जामे मस्जिदमा २३ दिन बसेको खुलासा भएको छ । सुनसरी जिल्ला अदालतबाट कैद भुक्तानका क्रममा रहेका एक वर्ष कमको कैद भुक्तान गर्न बाँकी रहेका १४ जना कैदी रिहा भएका छन । सरकारले घोषणा गरेको लकडाउनको अवधिमा १४ जना कैदी र सात जना बालक रिहा भएका छन् ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार जिल्ला प्रशासनका कार्यालयले वैशाख ३ गते कोरोना भाइरसबाट जोगिन लकडाउनका बेला कसैलाई घरबाहिर ननिस्किन आदेश दिएको छ । प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाईंले आदेशको अवज्ञा गरिए कानुन बमोजिम कारबाही गर्ने भन्दै अत्यावश्यक बाहेकका काममा बाहिर नजान, सवारीका साधन नचलाउन लिखित आदेश दिनुभएको हो । भारतीय सीमाक्षेत्रबाट कोही भित्रिए र उनीहरूलाई आश्रय दिए दुवैलाई कानुनी कारबाही गर्ने पनि प्रशासन कार्यालयको आदेशमा उल्लेख छ ।

माई नगरपालिकाको गरूवा बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा राखिएका ६ जना र अवधि पुगेर घर पठाइएका दुई जना गरी ८ जनाको कोरोना रिपोर्ट नेगेटिभ आएको छ । जिल्ला स्वास्थ्य कार्यालयले गरेको र्‍यापीड टेस्टमा उनीहरूको रिपोर्ट नेगेटिभ आएको हो । क्वारेन्टाइनमा रहेका एक जना महिलासहितका ६ जना वैशाख ३ गते घर फर्काइएको छ ।

वैशाख ३ गते सन्दकपुर गाउँपालिकालाई नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले १२ हजार थान मास्क र ३० सेट पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पीपीई) प्रदान गरेको छ । सन्दकपुर गाउँपालिकालाई युवा संघ नेपालको सन्दकपुर गाउँपालिका कमिटीले पाँच हजार थान मास्क प्रदान गरेको प्रमुख प्रशासकीय अधिकृत महेश राईले बताउनुभयो ।

सूर्यादय नगरपालिका-१० का निर्माण व्यवसायी राम राईले नगरको विपद् व्यवस्थापन कोषमा २५ हजार र त्यही ठाउँका मनोरथ अधिकारीले २० हजार रुपियाँसहित १६ हजार रुपियाँ बराबरको चामल प्रदान गर्नुभएको छ । नामसालिङ सामुदायिक विकास केन्द्रले माइजोगमाई गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा ५० हजार रुपियाँ प्रदान गरेको छ । सिभिल बैङ्कको नयाँबजार शाखाले गाउँपालिकाको कोषमा ८ सय थान मास्क, सेनिटाइजर र साबुन प्रदान गरेको छ । सहारा नेपालले २५ हजार रुपियाँ प्रदान गरेको छ । माइजोगमाई गाउँपालिका वडा-५ का ५ जनप्रतिनिधिले एक महिनाको आफ्नो सेवा-सुविधा विपद् व्यवस्थापन कोषमा जम्मा गरिदिने घोषणा पनि गरेका छन् । माई नगरपालिकालाई स्थानीय ३४ जना शिक्षकले २३ हजार रुपियाँ र नेपाला राष्ट्रिय शिक्षक सङ्गठनले पाँच हजार रुपियाँ बराबरको चामल प्रदान गरेका छन् । वैशाख ३ गतेसम्ममा देउमाई नगरपालिका र फाकफोकथुम गाउँपालिकाबाहेकका स्थानीय तहले ५ हजार ७ सय ९४ जनालाई राहत वितरण गरेको जिल्ला समन्वय समितिले जनाएको छ ।

**सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ३ गते जिल्लामा होम क्वारेन्टाइन र क्वारेन्टाइनमा बस्नेको सङ्ख्या दुई पुगेको छ । वैशाख ३ गते  जिल्ला अस्पताल खाँदबारीको ज्वरो क्लिनिकमा ११ जना महिला र १६ जना पुरूषले स्वास्थ्य जाँच गराएका छन् ।

सङ्खुवासभा प्रवेश गर्ने दुवै नाका बन्द गरिने भएको छ । कोरोना भाइरसको जोखिम नियन्त्रणका लागि जिल्ला प्रवेश गर्ने दुवै नाका पूर्ण रूपमा बन्द गरिने भएको छ । जिल्ला समन्वय समितिको संयोजनमा प्रदेशसभा सदस्यहरू, जिल्लाका राजनितिक दलका प्रतिनिधि र दश ओटै स्थानीय तहका प्रमुखहरूको बैठकले नाका बन्द गर्ने निर्णय गरेको छ । वैशाख ३ गते बसेको बैठकले जिल्ला भित्रिने मुख्य नाकाहरू टुटेदेउराली र कँवा खोलामा पूर्ण रूपमा नाका बन्द गर्ने निर्णय गरेको हो । उक्त नाकाहरूबाट कोही कसैलाई पनि प्रवेश गर्न नदिन सुरक्षाकर्मी परिचालन गर्ने निर्णय गरिएको छ ।

**पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ३ गते होम क्वारेन्टाइनमा बसेका १३ जनाको र्‍यापीड डाईनोष्टिक टेष्ट गरिएकोमा सबै जनाको नेगेटिभ रिपोर्ट आएको छ । कोशी अञ्चल अस्पताल विराटनगर पठाइएको ११ जनाको नमूना सङ्कलन परीक्षण गर्दा नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा २३ ओटा आईसोलेशन वेड र २ सय ४ ओटा जना क्षमता भएको क्वारेन्टाइन निर्माण गरिएको छ ।

तुम्बेवा गाँउपालिका र मिक्लाजुङ गाउँपालिकाले राहत वितरणका लागि लगत सङ्कलन भईरहेको जनाएका छन् । बाँकी ६ ओटा स्थानीय तहले ४ हजार ५  सय ४७ विपन्न परिवारलाई राहत वितरण गरेको जनाएका छन् । स्वामीनारायढा निर्माण सेवाले फिदिम नगरपालिका- ६ का १६ घरधुरीलाई जनही २० केजी चामल वितरण गरेको छ । फाल्गुनन्द

गाउँपालिकाले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा साहारा नेपाल राँके शाखाले २५ हजार रुपियाँ जम्मा गरेको छ ।  जिल्लामा इन्धनको अभाव सिर्जना भएको छ । दैनिक उपभोग्य वस्तुहरूको समेत अभाव हुन थालेको छ ।

इन्सेक प्रदेश १ कार्यालय, विराटनगर